# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# भकुण्डे, काभ्रेपलाञ्चोक
# ३ नं. प्रदेश, नेपाल

## नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको खानी तथा खोला/नदीबाट उत्खनन्/संकलन हुने रोडा,ढुंगा,बालुवा,ग्राभेल, माटो संकलन तथा बिक्री शुल्क दस्तुर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**मिति : २०७६/०३/१७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड घ (६) अनुसार यस नमोबुद्ध नगरपालिकाबाट आ.व.२०७६/०७७ को सम्झौता भएको मितिदेखि २०७७ आषाढ मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक विधेयकमा उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी स्वीकृत प्रारम्भीक वातावरणीय परीक्षण प्रतिबेदन (IEE) मा उल्लेखित परिमाणमा उत्पादन गरिएका रोडा,ढुंगा,बालुवा,ग्राबेल र माटो आदीमा संकलन तथा बिक्री शुल्क संकलनको ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी PPMO को वेवसाईट www.bolpatra.gov.np बाट Bid Document Download गरी ३१ औं दिनको १२:००बजे भित्र E-bidding मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य(मू.अ.क बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको निजी खानी तथा खोला/नदीको बगरबाट संकलन/उत्खनन् हुने ढुंगा,गिट्टी,ग्राभेल, वालुवा, माटो, आदी बिक्री तथा संकलन शुल्क संकलन कार्य। | ५,६७,१९,२३२.६४ (पाँच करोड सतसठ्ठि लाख उन्नाइस हजार दुई सय बत्तीस रुपैंया चौंसठ्ठि पैसा) | ५०००/- (पाँच हजार मात्र) | |

**शर्तहरु :**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.२०७५/७६ सम्मको फर्म नविकरण, आ.व.२०७४/०७५ को कर चुक्ता प्रमाणपत्र पेश गरि सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको कार्यालय समयभित्र यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, भकुण्डे शाखामा रहेको संचित कोष खाता नं १५४०३०४०१८१०२ मा रु. ५०००/- (अक्षरेपी रु. पाँच हजार मात्र) जम्मा गरी PPMO को वेवसाईट www.bolpatra.gov.np बाट Bid Document खरिद गरि ३१ औं दिनको १२:००बजेसम्म E-bidding गरी पेश गर्नुपर्नेछ।

२. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक, भकुण्डेवेशी शाखामा रहेको धरौटी खाता नं. १५४०३०३००७१०२ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विडवड) पेश गर्नुपर्ने छ।

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेवेशी, काभ्रेपलाञ्चोक, प्रदेश नं. ३, नेपाल

३. वोलपत्र फाराम खरिद एंव दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिनेछ ।

४. प्राप्त हुन आएका वोलपत्रहरु दर्ता गर्ने म्याद सकिएको दिनको २:०० बजे प्रस्तावदाता वा निजका प्रतितनिधिहरुको रोहवरमा खोलिनेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

५. नेपाल सरकारका प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धिकर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयमले तिर्नुपर्नेछ ।

६. ढुंङ्गा, वालुवा, माटोका आदिका कर तथा शूल्क संकलनका लागि निम्नानुसार दररेट निर्धारण गरिएको छ ।

| क्र.स. | विवरण | इकाई | दर (संकलन शुल्क) मु.अ.कर वाहेक | दर (विक्री शुल्क) मु.अ.कर वाहेक |
|---|---|---|---|---|
| १. | ढुंङ्गा,गिट्टी, वालुवा, स्लेट, माटो, ग्राभेल र रोडा घाटगद्यी एंव बिक्री | प्रति घन फिट | ३ | ६ |
| २. | माटो घाटगद्दि एवं बिक्री | प्रति घन फिट | ०/५० | रु. २/- |

७. बोलपत्र दाताले BOQ मा आफुले कबुल गरेको रकम अंक र अक्षरमा केरमेट नगरिकन स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. यस गाउँपालिकालाई रकम बुझाउँनु पर्ने बाँकी बक्यौता भएका फर्महरुको त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन।

९. कुल कवोल अंकलाइ तीन किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कुल कबोल अंकको ४० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै बुझाउनु पर्ने छ र बाँकी ६० प्रतिशत रकम मंसीर मसान्त र अन्तिम किस्ता रकम चैत्र भित्र दाखिला गर्नुपर्नेछ । उपरोक्त बमोजिम तोकिएको समयावधि भित्र ठेक्का किस्ता रकम दाखिला नगरेमा यस कार्यालयको पक्षमा जारी भई प्राप्त बैक जमानीबाट ठेक्का किस्ता असुल गरिनेछ । ठेक्का कवोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर वापतको रकम बरावरको १ वर्ष अवधि भएको कार्यसम्पादन जमानत समेत सम्झौताका बखत पेश गर्नुपर्नेछ । ठेकेदारले नियमानुसारको मु.अ.कर तोकिएको समयावधि भित्र दाखीला नगरेमा उक्त जमानतबाट असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला गरिनेछ । साथै ठेकेदारले कबोल गरेको अंकभन्दा कम रकम संकलन भई ठेक रकम भन्दा कम मु.अ.कर दाखीला भएमा नपुग रकम स्वीकृत बोलपत्रदाताले दाखीला गरी सो को जानकारी कार्यालयलाई गराउनुपर्नेछ । अन्यथा यस कार्यालयको पक्षमा जारी बैक जमानतबाट असुल गरी मु.अ.कर रकम दाखीला गरिनेछ ।

१०.ठेकेदारले आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा उल्लेख गर्नुपर्नेछ । उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

११.ठेक्का कबोल गर्ने ठेकेदारले नमोबुद्ध नगरपालिकाले तोकेको कर संकलन गर्दा प्रयोग गर्ने संकलन तथा बिक्रि तर्फको रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगरेको रसिदबाट कर संकलन गरेको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

१२.ठेक्का कबोल अंकको थप मूल्य अभिबृद्धि कर राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मासिकरुपमा बुझाई सोको प्रमाण मासिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

१३.प्रथम किस्ता बुझाए पछी हुन आउने बाँकी रकमको हकमा २०७७ साउन मसान्त सम्म म्याद भएको र नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको कार्य सम्पादन ग्यारेण्टी (परफरमेन्स वण्ड ) पेश गर्नु पर्ने छ ।

१४.न्यूनतम ठेक्का रकम अनुमान/निर्धारण गर्दा नगर क्षेत्रभित्र हाल दर्ता प्रकृयामा रहेका खानी तथा उद्योगहरुको संभावित कारोबारहरुलाई समावेश गरिएको छ । स्वीकृत लागत अनुमानमा उल्लेखित क्षेत्रको अलवा नयाँ क्षेत्र (खोला/नदी)

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेंशी, काभ्रेपलाञ्चोक,
प्रदेश नं. ३, नेपाल

पहिचान भई आएमा र नेपाल सरकारको निर्णय बमोजिम नेपाल सरकार/दातृनिकायद्धारा सञ्चालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माण जन्य सामाग्रीको विक्रिको हकमा सम्बन्धीत आयोजना (स्वीकृत IEE को परिधि भित्र रहि) ले प्रयोग गरेका परिमाणको आधारमा नगरपालिकाले छुटै रुपमा ठेक्का वन्दोवस्त गर्नेछ ।

१५.ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन।बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ ।यसरी ठेक्का तोडि बाँकी अवधिका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेको भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१६.सेवा शुल्क कर उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ।त्यस सम्वन्धमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन, साथै प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वयंले बुझाउनुपर्नेछ।

१७.परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदी का कारणले केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावि गर्न पाइने छैन।कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार हुने छैन।

१८.म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१९. यस सूचनामा उल्लेख भएका कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

२०. विषेश अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२१.ढुंगा, गिट्टी, बालुवा, रोडा आदीको संकलन, उत्खनन् तथा बिक्रिका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र नमोबुद्ध नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

२२.प्रदेश सरकार/उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं . ३ बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधी २०७५ मा भएको व्यवस्थालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

२३.आ.व. ०७६/०७७ का लागि कर संकलन शुरु  मिति सम्झौतामा उल्लेखित भए अनुसार हुनेछ ।

२४. यस सम्बन्धमा थप जानकारी नमोबुद्ध नगरपालिकाको कार्यालय, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक बाट प्राप्त गर्न सकिने छ ।

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक,
प्रदेश नं. ३, नेपाल